बैठक संख्या ५३ मिति २०७७०३।१४

आज मिति २०७७०३।१४ गतेका दिन दिउसो २.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री गोविन्द प्रसाद पौडेल

श्री राम प्र. सापकोटा

श्री दुर्गा ब. राना

# देवघाट गाउँपालिका

बैठक संख्या ५३ मितिः २०७७/०३/१४

**प्रस्तावहरु:**

१. समिक्षा गा.पा. भवन प्रगती, सभा हल गत वैठक , सिंचाई, खा.पा ।
२. नदी घाट ठेक्का अनुगमन समितिको प्रतिवेदन
३. आवास सुविधा भाडामा लिने सम्बन्धमा ।
४. सवारी साधन भाडामा लिने सम्बन्धमा ।
५. ट्याक्टर भाडामा लिने सम्बन्धमा ।
६. छैठौं गाउँ सभामा विधेयक/प्रस्ताव पेश सम्बन्धमा ।
७. देवघाट गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) प्रतिवेदन पेश सम्बन्धमा ।
८. "घ" वर्गको लाईसेन्स निर्देशिका संशोधन उपकरण भाडामा पनि हुने सम्बन्धमा ।
९. कर्माखोला खानेपानी योजना र बोटे टोल खानेपानी योजनाको अफिस घर सञ्चालन सम्बन्धमा ।
१०. योजनाको रकम भुक्तानी सम्बन्धमा ।
११. कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता सम्बन्धमा ।
१२. कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ताको रकम रकमान्तरण सम्बन्धमा ।
१३. देवघाट ५ मा आइसोलेन सञ्चालन सम्बन्धमा ।
१४. प्रदेश सरकारको बजेट विनियोजन सम्बन्धमा ।
१५. कृषि पूर्वाधार योजनामा न्यूनतम २५% उपभोक्ताले व्यहोर्ने सम्बन्धमा ।
१६. वडा नं. २ र ४ को वडा कार्यालय भवन र गाईघाट सिंच्याङ्ग काफलडाँडा सडक स्तरोन्नती म्याद थप सम्बन्धमा ।
१७. जिल्ला प्रशासन कार्यालयलाई फर्निचर सहयोग सम्बन्धमा ।

**निर्णयहरु:**

१. यस अघिको वैठकको निर्णय गाउँपालिका भवन निर्माण प्रक्रिया कोभिड-१९ लगायतका विषयमा समीक्षा गरियो ।
२. त्रिशुली नदी भुवनटारघाट र कालीगण्डकी नदी कालीभतेरीघाटमा ढुङ्गा, गिट्टी, बालुवा उत्खननको प्रतिवेदन प्राप्त भएको प्रतिवेदन अनुसार लकडाउनको कारणले उक्त घाटहरुबाट हालसम्म नदीजन्य पदार्थ उत्खनन गरेको देखिएको छैन । ठेक्का लिने ठेकेदार पक्ष सन्ध्या सन्देश निर्माण सेवाले ५०% रकम बुझाई सम्झौता र कार्यपालिका सदस्य श्री चन्द्र प्रकाश वि.क.ले गाउँसभामा पेश गर्ने प्रस्ताव पेश गर्नु भए अनुसार गाउँसभाको छैठौं अधिवेशन तेस्रो वैठकमा पेश गर्न अनुमति दिने निर्णय गरियो ।
३. गाउँपालिका अध्यक्ष र उपाध्यक्षको घर वडा नं. २ मा पर्ने, घरबाट आउन जान धेरै टाढा हुने भएकोले घरबाट दैनिक आउन जान सम्भव नदेखिएकोले अध्यक्ष र उपाध्यक्षलाई आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

दुर्गा बहादुर थापा

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

४. गाउँपालिकाबाट जिल्ला सदरमुकाम, प्रदेश सदरमुकाम टाढा पर्ने, समय-समयमा जिल्ला, प्रदेश सदरमुकाममा विभिन्न कार्यक्रम तथा कार्यालयको काममा जानु पर्ने, गाउँपालिकाको अभियानहरु सफल पार्न योजना, कार्यक्रम सफल पार्न पनि गाडी प्रयोग भईरहने हुँदा कार्यालयको लागि थप एक गाडी आवश्यक भएकोले थप गाडी खरिद गर्न बजेट पर्याप्त नभएकोले रकम विनियोजन गर्न नसकिएकोले आगामी आ.व. को लागि एक गाडी (५ सिटको कार) भाडामा लिई सञ्चालन गर्ने निर्णय गरियो ।

५. पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणाको तयारी भएको, गाउँपालिकाको सबै वडा पूर्ण सरसफाई उन्मुख वडा घोषणा भएको वडा नं. ५ धार्मिक क्षेत्र भएकोले र तिर्थालुहरु बढी आउने र घना-वस्ती भएकोले पनि फोहरमैला बढी जम्मा हुने र वडा नं. १ मा पनि फोहर उठाउनु पर्ने देखिएकोले तथा आगामी आ.व. मा फोहोर उठाउने साधन खरिद गर्न वजेट विनियोजन गर्न नसकिएकोले आगामी आ.व. २०७७/०७८ मा फोहर उठाउनको लागि ट्रयाक्टर भाडामा लिई सञ्चालन गर्ने निर्णय गरियो ।

६. तपशिल अनुसारका विधेयक र प्रस्तावहरु विषयगत समितिहरु तथा विधायन समितिबाट समेत सिफारिस भई आएकोले स्वीकृतका लागि तपशिल अनुसारको पदाधिकारीहरुबाट सभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | विधेयक/प्रस्ताव | पेश गर्ने | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०७७ | श्री पदम बहादुर गुरुङ (आर्थिक विकास समिति संयोजक) | |
| २ | मिति: २०७६/०५/०१ मा कार्यपालिका वैठकबाट निर्णय भई लागू भएको सार्वजनिक खरिद नियमावली/सार्वजनिक खरिद विधेयक, २०७७ सभाबाट स्वीकृत गराउने प्रस्ताव | श्री याल बहादुर गुरुङ (पूर्वाधार विकास समिति - संयोजक) | |
| ३ | वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धमा बनेको विधेयक, २०७७ | श्री भिम बहादुर गुरुङ (वातावरण तथा विपद व्यवस्थापन समिति - संयोजक) | |
| ४ | संगठन तथा व्यवस्थान सर्वेक्षण प्रतिवेदन र कर्मचारी दरबन्दी स्वीकृत गर्ने प्रस्ताव | श्री पोल बहादुर आले (सार्वजनिक सेवा तथा क्षमता विकास समिति - संयोजक) | |
| ५ | एक श्रोतबाट खर्च गर्नुपर्ने योजना तथा कार्यक्रमको भुक्तानी अर्को श्रोतबाट खर्च गर्ने र कार्यक्रम संशोधन गर्ने प्रस्ताव | श्री कृतिमान आले (सामाजिक विकास समिति - संयोजक) | |
| ६ | चालु आ.व.मा ठेक्का लागेको नदीघाट लडकाउनको कारण उत्खनन गर्न नपाएकोले आगामी आ.व. २०७७/०७८ मा उत्खनन गर्न दिने | श्री चन्द्र प्रकाश वि.क. (वातावरण तथा विपद व्यवस्थापन समिति – संयोजक) | |

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

७. प्रमुख प्रशासकीय अधिकृतबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) प्रतिवेदन तयार गरी सो को आधारमा कर्मचारी दरबन्दी तथा संख्या प्रस्ताव पेश भएकोमा गाउँपालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ र छरिएको बस्तीमा सेवा पुर्याउन थप जनशक्ति आवश्यक पर्ने भएकोले प्रस्तावित संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा कर्मचारी संख्यामा थप गरी आ.व. २०७७/०७८ को लागि स्वीकृत गरियो र सभामा पेश गर्ने निर्णय गरियो ।

८. देवघाट गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची-५ को ३ नं. मा उल्लेखित मेशिन र उपकरण अन्तर्गत द्रष्टव्य नं. १ मा निम्न वाक्यांश थप गरीएको छ । तर मेशिन उपकरण भाडामा लिएको भए भाडा सम्झौता हुनुपर्नेछ ।
द्रष्टव्य नं. ३ मा देहायका वाक्यांश थप गरिएको छ तर भाडामा मेशिन उपकरण लिएको भए कम्तिमा पनि २ वर्षको भाडा सम्झौता हुनुपर्नेछ ।

९. वडा नं १ वर्षाखोला खानेपानी योजना र वडा नं. ५ बोटे टोल खानेपानी योजनाको अफिस घर वास कार्यक्रमबाट निर्माण गर्ने निर्णय गरियो ।

१०. हाल कोभिड–१९ को कारणबाट (लकडाउन) आ.व. २०७६/०७७ मा संघीय राजस्व बाँडफाँड र प्रदेश सरकारबाट राजस्व बाँडफाँड (ढुंगा, गिटी) समेतको गाउँपालिकालाई प्राप्त हुनुपर्ने रकम प्राप्त हुन नसकेकोले नेपाल सरकारबाट प्राप्त संघीय समानीकरण वापतको रकम र गाउँपालिकाको आन्तरिक श्रोत तर्फ विनियोजित भएको कार्यक्रमहरुमा वचत भएको रकम संघिय राजश्व बाँडफाँड र प्रदेश सरकार राजश्व बाँडफाँडका शिर्षकमा रहेको कार्यक्रमहरु संशोधन गरि/श्रोतान्तर गरि काम सम्पन्न भएका योजनाको रकम भुक्तानी गर्ने गरियो ।

११. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७६/१२/०९ को निर्णय अनुसार कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ अनुसार यस गाउँपालिकाका स्वास्थ्यकर्मीहरु, ल्याव, क्वारेन्टाइन, ज्वरो क्लिनिक, हेल्प डेस्क, र व्यवस्थापक तथा सह-व्यवस्थापकमा खटिएका हुनाले खटिएका जनशक्तिको जोखिम भत्ता उपलब्ध गराइदिन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

१२. निर्णय नं. १२ अनुसारका जनशक्तिलाई हाल गाउँपालिकाको कोरोना रोकथाम, नियन्त्रण र उपचार कोषबाट जोखिम भत्ता उपलब्ध गराउने र सम्बन्धित निकायबाट प्राप्त भएका सोधभर्ना गर्ने र प्राप्त [illegible]मा गाउँपालिकाको कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषबाट नै खर्च गर्ने । कोषमा रकम अभाव भएमा जुनसुकै शिर्षकबाट कोषमा रकमान्तरण गर्ने निर्णय गरियो ।

१३. यस गाउँपालिका भौगोलिक रुपमा प्रदेश सदरमुकाम पोखरा तथा जिल्ला सदरमुकाम दमौली देखि टाढा पर्ने चितवन जिल्ला भरतपुरले फरक प्रदेश भएको कारणले आइसोलेसनमा बिरामी नलिने भएकोले यस गाउँपालिकाको कोभिड-१९ पोजेटिभ देखिएका बिरामीलाई राख्नको लागि यसै वडा नं ५ को सिटी हलमा आइसोलेसन कक्ष निर्माण गर्ने निर्णय गरियो । उक्त आइसोलेसन निर्माण तथा सञ्चालन खर्च विपद व्यवस्थापन तथा कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने निर्णय गरियो ।

१४. देवघाट गाउँपालिका वडा नं. २ खाल्टेको पालीथुम्की सामुदायिक वनको भवनको लागि गण्डकी प्रदेश सरकारबाट आ.व. २०७७/०७८ मा रु. ५०,००,०००.०० (अक्षेरुपी पचास लाख रुपैया) भएकोमा रकम विनियोजन भएकोमा उक्त रकम पाले थुम्की सामुदायिक वन खाल्टेलाई रु. २५,००,०००.०० (अक्षेरुपी पच्चिस लाख रुपैया) र पशुपंक्षी अनुसन्धान केन्द्र देवघाट-१ कोटालाई रु. २५,००,०००.००

[illegible] थापा

(अक्षेरुपी पच्चिस लाख रुपैया) गरी दुई वटै योजनालाई विनियोजन गरिदिन गण्डकी प्रदेश सरकारलाई लेखि पठाउने निर्णय गरियो ।

१५. यस गाउँपालिकामा अधिकांश विपन्न तथा जनजाती वस्ती रहेको, किसानको आर्थिक अवस्था कमजोर रहेको, धेरैं जसो वडा कठिन भू-बनोट भएको पहाडी क्षेत्रमा पर्ने तथा कृषि उत्पादनको लागत उच्च रहेकोले तथा कृषि उत्पादन र उत्पादकत्व बढाउन र त्यसमा कृषकलाई प्रोत्साहन गर्नको लागि कृषि क्षेत्रमा गाउँपालिकाले कृषि अनुदान निर्देशिका नबन्दा सम्मको लागि तपशिल अनुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | अनुदानको क्षेत्र | गाउँपालिकाले दिने अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|
| १ | पूर्वाधार निर्माण | ७५% | |
| २ | बिउ बिजन, फलफूल विरुवा | १००% | खाडल र मलको व्यवस्था भएको हुनुपर्ने |
| ३ | घाँस बिउ बिरुवा | १००% | खाडल खनेको हुनुपर्ने |
| ४ | पशुपंक्षि तथा सो को लागि आवश्यक सामाग्री/उपकरण/कृषि उपकरण | ७५% | मर्मत सम्भार, स्याहार, सुसार कृषक वा समुहले गर्नुपर्ने र आवश्यकता अनुसार गा.पा.ले खरीद गरी १००% अनुदान दिन सकिनेछ । |

१६. वडा नं. २ र ४ को वडा कार्यालय भवन निर्माणको ठेक्का लिएको एस.आर.निर्माण सेवाका प्रोपाईटर शेर बहादुर मल्लले लकडाउनको कारणले गर्दा निर्माण सामाग्रीहरु ढुवानी तथा कामदारहरु उपलब्ध नभएका कारणले वडा कार्यालयहरुको निर्माण काम सम्पन्न गर्न नसकिएकोले वडा कार्यालयको भवन निर्माणको म्याद थप गरिदिनका लागि निवेदन दिएकाले यस सम्बन्धमा यथार्थ बुझि म्याद थप गर्न मनासिब भए नभएको राय प्रतिवेदन पेश गर्नको लागि तपशिल अनुसारको एक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल:

क) उपाध्यक्ष श्री बिमला थापा - संयोजक
ख) वडा नं. २ का वडाध्यक्ष श्री पोल बहादुर आले - सदस्य
ग) वडा नं. ४ का वडाध्यक्ष श्री पदम बहादुर गुरुङ - सदस्य
घ) वडा नं. ३ का वडाध्यक्ष श्री कृतिमान आले - सदस्य
ङ) पूर्वाधार शाखा प्रमुख ई. श्री तिर्थराज ढुङ्गाना - सदस्य
च) पूर्वाधार शाखा ई. श्री प्रकाश देवकोटा - सदस्य
छ) योजना शाखा प्रमुख श्री राम प्रसाद देवकोटा - सदस्य सचिव

१७. जिल्ला प्रशासन कार्यालय तनहुँले रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैया) बराबरको फर्निचर सहयोग गरिदिनका लागि माग गरी पठाएकोले फर्निचर खरिदको लागि जिल्ला प्रशासन कार्यालय तनहुँलाई रु. ५०,०००.०० (अक्षरुपी पचास हजार) बराबरको फर्निचर उपलब्ध गराउने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत